# नेपाल नागरिक उड्डयन प्राधिकरण
# बबरमहल, काठमाण्डौ
# विभिन्न जनशक्तिहरुको सेवा प्राप्त गर्ने सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

(प्रकाशित मिति :- २०७६/०८/१९)

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय र यस अन्तर्गतका देश भरीका कार्यालयहरुको लागि देहाय वमोजिमका जनशक्तिहरुको सेवा आवश्यक भएकोले सो सम्बन्धी कार्य गर्नेगरी सार्वजनिक खरिद ऐंन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम सेवा करारमा लिनुपर्ने भएको हुँदा सामाजिक सुरक्षा कोष अन्तर्गत सुचिकृत भएका सम्वन्धित निकायबाट इजाजत प्राप्त एवंम् मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म/कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी प्रस्ताव आव्हान गरिन्छ ।

## प्रस्तावका मुख्य शर्तहरु

१. प्रस्तावदाताले जनशक्तिहरुको आपूर्ति गर्नका लागि देहायका अलग अलग प्याकेजहरुमा छुट्टाछुट्टै प्रतिस्पर्धा गर्न सक्नेछन ।

प्याकेज (१) क) पालेपहरेदार ४४ (चौवालिस) जना
ख) सरसफाइ १६१ (एक सय एकसट्टी) जना
प्याकेज (२) क) कम्प्युटर अपरेटर ३७ (सैतिस) जना
ख) हेल्पर लगायतका जनशक्तिको १२ (बाह्र) जना
प्याकेज (३) हलुका सवारी चालक ५४ (चौवन्न) जना

२. प्रस्ताव डकुमेन्ट्स खरिदको लागि शर्त नं. १ को प्रत्येक प्याकेजको लागि रु.५,६५०।- (पाँच हजार छ सय पचास) मु.अ.कर समेत रकम यस प्राधिकरणको बबरमहल स्थित एन.एम.बि. बैंक खाता नं. 0010000093 F मा (पछि फिर्ता नहुने) नगद जम्मा गरेको रसिद, फर्म रजिष्ट्रेशनको अध्यावधिक प्रमाणपत्र, श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र, सामाजिक सुरक्षा कोषमा रोजगारदाता सूचीकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा आ.व. २०७५।७६ को आय कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थपको निस्सा सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा प्रशासन विभाग, भण्डार शाखाबाट प्रस्ताव खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र प्रत्येक प्याकेजको छुट्टाछुट्टै प्रस्ताव सिलबन्दी गरी प्रशासन विभाग, भण्डार शाखामा दर्ता गर्नुपर्नेछ। यसका साथैउक्त प्रस्ताव सम्वन्धी सूचनाको जानकारी यस कार्यालयको website: www.caanepal.gov.np बाट समेत Download गरी हेर्न सकिनेछ ।

३. प्रस्ताव डकुमेन्ट्स खरिद गर्ने अन्तिम दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन कार्यालय समयभित्र प्रस्ताव डकुमेन्ट्स खरिद गर्न सकिनेछ। प्रस्ताव डकुमेन्ट्स खरिद गर्ने अन्तिम दिनको भोलीपल्ट दिनको १२:०० बजेभित्र प्रस्ताव डकुमेन्ट्स दाखिला गर्नु पर्नेछ । उक्त दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सोही समयभित्र दाखिला गर्न सकिनेछ । खामको बाहिर प्रस्ताव दाताको नाम र कामको शिर्षक स्पष्ट रुपमा उल्लेख गरी यस कार्यालयलाई सम्बोधन गरेको हुनुपर्नेछ ।

४. म्याद भित्र प्राप्त हुन आएका प्रस्तावहरु प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको दिउँसो २:०० बजे यस कार्यालयको प्रशासन विभागमा प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ

। प्रस्तावदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन । ढिलो गरी प्राप्त भएको वा म्याद नाघि आएको तथा रित नपुगेको वा कुनै शर्त उल्लेख भई आएको शिलबन्दी प्रस्ताव मान्य हुने छैन ।

५. प्रस्ताव डकुमेन्ट्स सम्वन्धमा छलफल गर्नको लागि सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात २०७६/९/४ गते दिनको १:०० बजे यस प्राधिकरणको प्रशासन विभागमा प्रिविड मिटिङ्ग हुनेछ ।

६. प्रस्तावसाथ प्रस्तावदाताले धरौटी वापत तपशिल अनुसारको रकम थापाथली स्थित एन.आई.सि एशिया बैंक, शाखा कार्यालयमा रहेको यस प्राधिकरणको धरौटी चल्ती खाता नं. 5444050568352401 मा नगद जम्मा गरेको धरौटी रकमको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल सरकारको मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट जारी गरिएको शिलबन्दी प्रस्ताव खोल्ने मिति देखि कम्तिमा प्रत्येक प्याकेजको लागि ४ महिना अर्थात १२० (एक सय बिस) दिन मान्य अवधि भएको बैंक जमानीपत्र (Bid Bond) पेश गर्नु पर्नेछ । नगद जमानत राखेकोमा पछि बैंक ग्यारेण्टीमा परिणत गर्न पाइने छैन । स्वीकृत बोलपत्रदाताले नियमानुसार कार्य सम्पादन जमानत राखी सम्झौता गर्नु पर्नेछ ।

**तपशिल**

माथि शर्त नं. १ मा उल्लिखित

**प्याकेज १को लागि** रु.१७,७०,०००।- (सत्र लाख सत्तरी हजार)

**प्याकेज २ को लागि** रु.५,७०,०००।- (पाँच लाख सत्तरी हजार)

**प्याकेज ३ को लागि** रु.६,१०,०००।- (छ लाख दश हजार)

७. प्रस्तावदाताले आफूले कवोल गरेको सेवा शुल्कको प्रतिशत अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

८. प्रदान गर्नुपर्ने सेवा सम्बन्धी योग्यता, अन्य शर्तहरु कार्यालयबाट विक्री हुने सिलबन्दी प्रस्तावमा उल्लेख भए बमोजिम हुनेछ ।

९. प्रस्तावदाताले प्रस्तावहरु Bill of Quantities फाराममा के कति सेवा शुल्क लिई सेवा पुऱ्याउने हो ? सो उल्लेख गर्नुपर्नेछ । यस्तो सेवा शुल्क रकम सेवा करारमा काम गर्ने जनशक्तिको कुल पारिश्रमिक रकमको ५ प्रतिशतमा नबढने गरी मात्र उल्लेख गर्नु पर्नेछ । सो भन्दा बढी प्रतिशत उल्लेख भएको प्रस्ताव मान्य हुने छैन ।

१०. रीत नपुगी वा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

११. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यसमा नपरेका अन्यकुराहरु प्रचलित ऐन नियम, सिलबन्दी प्रस्ताव डकुमेन्ट्समा उल्लेख भए अनुसार हुनेछ ।